# मल्लरानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खलंगा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

फोन: ०८६४२०१८०
Email: ito.mallaranimun@gmail.com
Website: www.mallaranimun.gov.np


प.सं.: २०७७/०७८
च.नं : १५५०

मितिः २०७८।०२।२०

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
श्री विषयगत शाखा सबै,
मल्लरानी गाउँपालिका।

प्रस्तुत विषयमा मिति २०७८।०२।१९ गते बसेको ५३ औं कार्यपालिका बैठकका निर्णयहरू यसै पत्र साथ संलग्न राखि पठाईएको छ।आफ्ना शाखा तथा वडा सँग सम्बन्धित निर्णयहरू अनिवार्य रूपमा कार्यान्वयन गर्नुहुन अनुरोध छ।

...................
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

**बालकृष्ण थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner

मिति २०७७।०२।१९ गतेको ५३ औं गाउँ कार्यपालिकाका प्रस्ताव तथा निर्णयहरु ।

प्रस्तावहरु :

१. गाउँ कार्यपालिकाको ५२ औं बैठकको समिक्षा सम्वन्धमा ।
२. राजश्व परामर्श समितिका मिति २०७८।०१।३१ को बैठकका निर्णय अनुमोदन सम्वन्धमा ।
३. स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७८।०२।०५ गतको बैठकका निर्णयहरु छलफल र अनुमोदन सम्वन्धमा ।
४. आ.व २०७६।०७७ को म.ले.प. प्रारम्भिक प्रतिवेदनमाथि छलफल सम्वन्धमा ।
५. आ.व. २०७८।०७९ को नीति, कार्यक्रम, बजेट र अन्य विविध विषयमा छलफल सम्वन्धमा ।
६. कोभिड विदा सम्वन्धमा ।
७. आ.व. २०७७।०७८ का विभिन्न योजना तथा कार्यक्रम संचालन सम्वन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम नामावली स्वीकृत सम्वन्धमा ।
९. बार्षिक मूल्याकन तथा शैक्षिक सत्र सम्बन्धमा ।
१०. सेनिटरी प्याड खरिद सम्बन्धमा
११. असाहाय छात्रवृत्ति सम्वन्धमा ।
१२. पाठ्यपुस्तक तथा छात्रवृत्ति रकम निकासा सम्वन्धमा ।
१३. नपुग रकम सम्बन्धमा ।
१४. मल्लरानी प्रयटकीय क्षेत्र विकास सम्वन्धमा ।
१५. विविध ।

निर्णयहरु :

निर्णय नं १ : ५२ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समिक्षा गरियो र कार्यान्वयन चरणमा रहेका निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न र कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित शाखा र वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णयहरुको समिक्षा

| क्र सं | निर्णयको भएको विषय | कार्यान्वयन भएको | कार्यान्वयन चरणमा रहेको | कार्यान्वयन नभएको | जिम्मेवार शाखा र वडा |
|---|---|---|---|---|---|
| १ | २००(दुई सय) वटा एन्टिजिन किट खरिद गर्ने । | भएको | | | स्वास्थ्य शाखा |
| २ | अस्थायी कोरोना अस्पतालवाट अन्य | | | | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | अस्पतालमा कोभिडका विरामिलाई रिफर गर्नुपर्ने अवस्थाका लागि तयारी अवस्थामा एम्वुलेन्सको व्यवस्था गर्ने | भएको | | | स्वास्थ्य शाखा |
| ३ | गाउँपालिकाका विभिन्न वडाका लागि आ.व २०७८।०७९ योजनाहरु लुम्बिनी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय, मुकाम बुटवलमा माग गर्ने | भएको | | | योजना शाखा |
| ४ | मल्लरानी गाउँपालिकाका तपसिलका आयोजनाहरु आ.व २०७८।०७९ को लागि निम्नानुसारको लागत सहभागिता रहने गरि छनौट गरि प्रदेशमा पठाउने निर्णय गरियो । | भएको | | | योजना शाखा |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०७७।०७८ मा संचालन गर्ने तपसिलका योजनाहरु थप गरि संचालन गर्ने निर्णय गरियो | भएको | | | रोजगार सेवा केन्द्र |

<u>निर्णय नं २ :</u> राजश्व परामर्श समितिका मिति २०७८।०१।३१ को बैठकका निर्णय पारित गरि अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

<u>राजश्व अनुमान</u>

| शीर्षक | आ.व. २०७६/७७ को संशोधित अनुमान | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७८/७९ को अनुमान | कैफियत |
|---|---|---|---|---|
| आय | ३४९३१८६६१.००० | ४३५८४६०००.००० | १९७२७३७७१.९४८ | |
| राजस्व | ७१६८२६६१.००० | ६९४४७०००.००० | ७१९७४७७१.९४८ | |
| आन्तरिक श्रोत | ४५०००००.००० | ५३२५०००.००० | ५७२५०००.००० | |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ७०००००.००० | ८०००००.००० | ८०००००.००० | |
| भुमिकर/मालपोत, सम्पती/घरकर | २७०००००.००० | ३००००००.००० | २५०००००.००० | |
| वहाल कर | १५००००.००० | २५००००.००० | ५०००००.००० | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| अन्य कर | १००००० .००० | १५०००० .००० | ५००००० .००० | |
| सिफारिश दस्तुर/पञ्जिकरण | ६००००० .००० | ८००००० .००० | १०००००० .००० | |
| न्यायिक दण्ड, जरिवाना र जफत | ५०००० .००० | ७५००० .००० | ७५००० .००० | |
| विज्ञापन कर | ० .००० | ० .००० | ५०००० .००० | |
| व्यवसाय कर | २००००० .००० | २५०००० .००० | ३००००० .००० | |
| **गत सालको अल्या** | **२००००००० .०००** | **३००००००० .०००** | **२००००००० .०००** | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ६७१८२६६१ .००० | ६४१२२००० .००० | ६६२४९७७१ .९४८ | |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ६०३००००० .००० | ६१४४३००० .००० | ६१८७५००० .००० | |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | ३७२१००० .००० | २६७९००० .००० | ४१०४८७१ .९४८ | |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी [राजस्व बाँडफाँड - संघीय सरकार] | ३१६१६६१ .००० | ० .००० | २६९९०० .००० | |
| **अन्य आय** | **० .०००** | **० .०००** | **० .०००** | |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | **२५७६३६००० .०००** | **३३६३९९००० .०००** | **१०५२९९०००** | |
| संघीय सरकार | २२५३००००० .००० | २९५५००००० .००० | ८६३००००० .००० | |
| अन्य अनुदान चालु | ३२०००००० .००० | ५५०००००० .००० | | |
| शसर्त अनुदान चालु | ११४६००००० .००० | १४३५००००० .००० | | |
| समपूरक | | १५६००००० .००० | | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| अनुदान | | | | |
| समानिकरण अनुदान | ७८७०००००,००० | ८१५०००००,००० | ८६३०००००,००० | |
| प्रदेश सरकार | ३२३३६०००,००० | ५०८९९०००,००० | १८९९९०००,००० | |
| विशेष अनुदान पुँजीगत | ५२००००००,००० | ६००००००,००० | | |
| शसर्त अनुदान पुँजीगत | ८००००००,००० | १५८५००००,००० | | |
| सम्पुरक अनुदान पुँजीगत | १५००००००,००० | १५००००००,००० | १५००००००,००० | |
| समानिकरण अनुदान | ४१३६०००,००० | ५०४९०००,००० | ३९९९०००,००० | |
| बैदेशिक | ०,००० | ०,००० | | |
| जनसहभागिता | ०,००० | ०,००० | | |
| | | | | |

<u>निर्णय नं ३</u> : स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मिति २०७८।०२।०५ गतेको बैठकका निर्णयहरुमाथि छलफल गरियो र गाउँपालिकाका विषयगत शाखा तथा वडाहरुलाई तपसिल बमोजिमको बजेट सिलिङ दिने र निर्धारित सिलिङ भित्र रही प्रतिफल दिने खालका योजना तथा कार्यक्रम उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल :

| सि नं | कार्यक्रम विवरण | आ.व. २०७७/७८ को अनुमान | आ.व. २०७८/७९ को अनुमान |
|---|---|---|---|
| १ | प्रशासनीक खर्च | ८३६५३२०० | ८६०००००० |
| २ | सम्पूरक कोष तर्फ | | ६४५५०००० |
| ३ | विपद् व्यवस्थापन | १०००००००० | ८२००००० |
| ४ | मर्मत संभार कोष | ३५००००० | ३५००००० |
| ५ | अध्यक्ष विशेष कोष | २५००००० | ३०२३७७१ |
| ६ | शिक्षा तर्फ | ६०००००० | ४०००००० |

| | | | |
|---|---|---|---|
| ७ | वडा तर्फ | २७०००००० | १६०००००० |
| | वडा नं १ | | ३३००००० |
| | वडा नं २ | | ३४००००० |
| | वडा नं ३ | | ३०००००० |
| | वडा नं ४ | | ३३००००० |
| | वडा नं ५ | | ३०००००० |
| ८ | गाउँपालिका तर्फ | | ७७५०००० |
| ९ | पशु सेवा तर्फ | ३५००००० | १९००००० |
| १० | कृषि तर्फ | ५०००००० | १९००००० |
| ११ | स्वास्थ्य तर्फ | ६५००००० | ५०००००० |
| १२ | लक्षित वर्ग तर्फ | २५००००० | १७००००० |
| १३ | न्यायिक समिति तर्फ | ११५०००० | ८००००० |
| कुल अनुमानित व्यय | | १८३९०३२०० | २०४३२३७७१ |
| कुल अनुमानित आय | | १८३९०३२०० | १९७२७३७७१ |
| समायोजन हुन बाँकी रकम | | ० | ७०५०००० |

**निर्णय नं ४ :** आ.व. २०७६।०७७ को म.ले.प. प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो । प्रतिवेदन अनुसार आ.व. २०७६।०७७ मा भएका कार्यक्रमबाट वेरुजु देखिएका विषयमा सम्वन्धित विषयगत शाखा तथा वडाहरुलाई तोकिए वमोजिम आवश्यक कार्य गर्न सात दिनको समय दिइ सो कार्य गर्न पत्राचार गर्ने निर्णय गरियो ।साथै संघीय सर्शत अनुदान अन्तर्गत खरको छानो विस्थापन कार्यक्रम अन्तरगत गाउँपालिकाबाट वडाहरुलाई जस्तापाता वितरण गरिएकोमा सम्वन्धित वडाबाट जस्तापाता वितरण गरेको भरपाई र प्राविधिक द्वारा कार्यसम्पन्न प्राप्त नभएकोले भरपाई र प्राविधिक शाखाले एकीकृत कार्यसम्पन्न प्रतिवेदन प्राविधिक शाखाले सात दिन भित्र गाउँपालिकामा पेश गर्न पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** आ.व. २०७८।०७९ का लागि यस मल्लरानी गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने विषय तथा प्रार्थमिकताका क्षेत्र तोकी एकहसा भित्र गाउँपालिकामा उपलव्ध गराउन विषयगत शाखा तथा वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** हाल कोभिड १९ को संक्रमण देशव्यापी रुपमा फैलिएको अवस्थामा यस मल्लरानी गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कोभिड संक्रमण देखिएकोले गाउँपालिकाले विभिन्न समयमा सूचना प्रकाशित गर्दा अत्यावश्यक बाहेकका सेवा बन्द गरेको समयमा संक्रमणका कारण तथा

Scanned with CamScanner

संक्रमण जोखिमका कारण कार्यालयमा अनुपस्थित भएका (मिति २०७८ जेठ १५ भित्र) कर्मचारीहरुलाई निजहरुले दिएको निवेदनको आधारमा बढीमा १५ दिनको कोभिड विदा उपलव्ध गराउने निर्णय गरियो र १५ दिन भन्दा बढी समय कार्यालयमा अनुपस्थित कर्मचारीको प्रचलित कानून वमोजिम विदा कट्टी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** नेपाल सरकार शसर्त अनुदान तर्फको सुधारीयको चुलो (बायोमास) प्रविधि जडान र बायोग्यास जडान तर्फको रकम बापत कुल ४००००० अक्षरुपी चार लाख र सौर्य उर्जा जडान तर्फको रकम रु ३००००० अक्षरुपी तिन लाख बाट गाउँपालिका भित्र विधुतीय हाजिरी जडान भएका विद्यालय र गाउँपालिका भित्रका आधारभूत विद्यालय मध्ये वैकल्पिक उर्जा जडान नभएका विद्यालय छनौट गरी कार्यक्रम गर्ने निर्णय गरियो । सोको लागि सूचना प्रविधि शाखा र शिक्षा शाखा लाइ जिम्मेवारी तोक्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** मल्लरानी गाउँपालिकाका प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत रोजगार व्यवस्थापन प्रणालिमा प्रविस्टि भए अनुसार आ.व. २०७८।०७९ को लागि जम्मा ४५९ जना सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम अनुसारको नामावली सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** कोभिड महामारिका कारणले चालु शैक्षिक सत्र २०७७मा विद्यालयहरुमा बार्षिक परीक्षा सञ्चालन गर्न सम्भव नरहेकोले अर्धबार्षिक परीक्षा लगायतका आन्तरिक मूल्याकनका आधारमा अन्तिम नतिजा प्रकाशन गर्ने , जसको लागि सम्वन्धित बिद्यालयहरुले पाठ्यक्रमले तोकेको ढाँचामा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको प्राप्ताक प्र.अ. र कक्षा शिक्षकद्धारा प्रमाणित गरि मिति २०७८।२।२५ गते भित्र गाउँपालिका शिक्षा शाखामा बुझाउनका लागि पत्राचार गर्ने र बाल बिकास देखि कक्षा ७,९ को अन्तिम नतिजा सम्वन्धित विद्यालयहरुले अर्धबार्षिक परीक्षाको प्राप्तांक र निरन्तर विद्यार्थी मूल्यांकनका आधारमा तयार गरेर सम्पूर्ण कक्षाहरुको नतिजा मिति २०७८।२।३१ गते यसै साथ प्रकाशन गरि २०७८ असार १ गते नयाँ शै.स. २०७८ का लागि भर्ना सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** आ व २०७७।०७८ को सघीय शसर्त अनुदान तर्फ सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापन क्रियाकलापका लागि बिनियोजित रकम रु १८०५०००बाट रु ५००००० को सिमाभित्र रही सेनिटरी प्याड खरिद गरी विद्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :** संघीय समानिकरण अनुदान तर्फ सामुदायिक विद्यालयमा अध्ययनरत असहाय छात्रवृत्ति प्रदान गर्नका लागि मापदण्ड बनाइ सोका आधारमा सम्बन्धित विद्यालयले पठाएको

Scanned with CamScanner

सिफारिस छानिवन गर्दा शिक्षा शाखाको रिपोर्टका आधारमा तपसिलका १० जना असाहाय छात्र छात्राहरुलाई कर समेत रु १००००। का दरले छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. पूर्णिमा राना | भानुभक्त मा वि | कक्षा ९ |
| २. सविता श्रेष्ठ | शारदा मा वि | कक्षा ५ |
| ३. अनिसा सुनार | पालुशिद्ध प्रा वि | कक्षा १ |
| ४. शिशिर नगरकोटी | जनता मा वि | कक्षा १ |
| ५. अस्मिता कसाई | महेन्द्र मा वि | कक्षा ८ |
| ६. सोनिया अधिकारी | जनजागृती मा वि कसेरी | कक्षा ७ |
| ७. बिजय नेपाली | सरस्वती आ वि | कक्षा ६ |
| ८. सरस्वति परियार | जगदम्वा प्रा वि | कक्षा २ |
| ९. एलिस वि क | खलगा आ वि | कक्षा १ |
| १०. प्रतिक्षा सुनार | जनज्योती प्रा. वि | कक्षा ५ |

**निर्णय न १२ :** बैशाख १ गते सुरु हुने शै .स . कोभिड महामारीका कारणले असार १ गते सुरुहुने भएकोले शै.स. २०७८ मा निशुल्क पाठ्यपुस्तकका लागि बिद्यालयहरुलाइ शै .स. २०७७ को विद्यार्थी सख्याको ९० प्रतिशतका दरले २०७८ ।०२।२२ सम्म निकासा दिने र सम्वन्धित विद्यालयले मिति २०७८।०३।१० भित्र पाठ्यपुस्तक र छात्रवृतिका लागि नपुग रकम माग र बढी भएको रकम फिर्ता गर्ने ।

**निर्णय नं १३ :** संघीय शसर्त अनुदान तर्फ आ. व. २०७७।०७८ मा सार्वजनिक बिद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति ( आवासिय तथा गैर आवासिय ) र सार्वजनिक विद्यालयका बिद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान रकम अपुग रहेकोले सो नपुग रकम संघीय शसर्त अनुदानकै तोकियका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान क्रियाकलाप बाट प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १४ :** मल्लरानी पर्यटकीय क्षेत्र विकासका लागि यस मल्लरानी गाउँपालिका वडा नं ४ स्थित मल्लरानी डाँडामा विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भए अनुसारका भौतिक पूर्वाधार निर्माण गर्नका लागि संस्कृति पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालयबाट विनियोजन भएको रु ३५०००००० तीन करोड पचास लाख र गाउँपालिकाको तर्फबाट (आ.व. २०७८।८९, ७५ लाख र आ.व. ०७९।८० मा ७५ लाख) रु १५०००००० एक करोड पचास लाख गरी कूल रु ५०००००००० पाँच करोडको लागत अनुमान स्वीकृत गरी विद्युतीय वोलपत्र आवहान गर्ने ।सो

Scanned with CamScanner

कार्यक्रम (मल्लरानी पर्यटकीय क्षेत्र विकास) सम्पन्न भइसकेपछि सोको संचालन व्यवस्थापन र रेखदेख सम्पूर्ण कार्य गाउँपालिकाले गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ :**

- यस मल्लरानी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०७७।०७८ मा वडा नं २ र वडा नं ३ मा तपसिलका कार्यक्रमहरु थप गरी संचालन गर्ने निर्णय गरियो ।

  **तपसिल**

  वडा नं २ तर्फ

  - मैदाना पुर्नवारी घो. बा.
  - चेपखोला लौरीखानी घो. बा. र टाकुरी घो. बा.
  - बराबोट राजुघार चुँजाखर्क हुँदै पाउरीखर्क घो. बा.
  - जगदम्वा गुन्टा हुँदै सिउते घो. बा.
  - बान्नाखोला नाला पहिरो नियन्त्रण
  - दोखामे देखि मिल सम्म घो बा
  - राजिमे भिर्कुना पालुसिद्ध प्रा वि सम्म घो बा
  - चौतारा नागटाकुरा कुडारखोला घो बा

  वडा नं ३ तर्फ

  - कुटेपानी देखि तल्लो सिउते खोला जोड्ने घो बा
  - पारिकाधारा नुनथला जोड्ने घो बा
  - गरुलेखर्क देखि सालठाटी मसानघाट जोड्ने घो बा
  - ठुलापोखरा देखि जुमेना जोड्ने घो बा
  - सरस्वती आ वि देखि निशानटाकुरा पिपल चौतारा घो बा
  - अधेरीखोला सेतीपोखरी घो बा
  - धहखोला बाट पुलसम्म घो बा
  - बन्चरेदेखि जामुनडाँडा खर्क जोड्ने घो बा

- मल्लरानी गाउँपालिकाको आ व २०७७।०७८ मा स्वीकृत बजेटमा वडा नं १ मा अरौटी झाक्रिसल्ला मो बा निरन्तरता लाई प्राविधिक ईस्टिमेट अनुसार श्रममुलक प्रविधी बाट काम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner